# जनसंख्या तथा वातावरण मन्त्रालय

मन्त्रालय र मातहतसमेत १० निकायको यो वर्ष विनियोजन रु.४ अर्ब ५३ करोड ५९ लाख, राजस्व रु.५१ करोड ३९ लाख, धरौटी रु.५ करोड ७७ लाख र अन्य कारोबार रु.५ अर्ब ८६ करोड २४ लाखसमेत रु.१० अर्ब ९६ करोड ९९ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका समिति १ को रु.३ करोड ३२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन -** वातावरण संरक्षण नियमावली, २०५४ अनुसार प्रदूषण नियन्त्रण प्रमाणपत्र जारी गने प्रयोगशाला नतोकेको, प्रविधिक सहयोग रु.७२ करोड ४४ लाख अर्थ मन्त्रालयको स्वीकृतिमा बजेटमा समावेश नगरेको, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले शौर्य तथा अन्य प्रयोजनका लागि उपयोग भएका पुराना ब्याट्रीको विसर्जन गर्ने कार्ययोजना नबनाएको, रुग्ण भई सञ्चालनमा नआएका वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट अनुदान प्राप्त लघु जलविद्युत आयोजना सञ्चालन र उपयोगका लागि कार्ययोजना तयार नगरेको, वातावरण विभागले प्रयोगशाला सामग्रीका लागि रु.१ करोड ३८ लाख ५९ हजार खर्च गरे तापनि प्रयोगशाला स्थापना नगरेको, सहयोग स्वरुप प्राप्त ७ वायु गुणस्तरमापन अनुगमन केन्द्र सञ्चालनमा नआएको जस्ता व्यहोरा विगत वर्षको प्रतिवेदनमा औल्याएकोमा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था मिलाउनुपर्दछ ।

२. **परामर्श खर्च -** जलवायु प्रकोप समुत्थान निर्माण आयोजनाको सफल कार्यान्वयनको लागि विविध कार्य गर्न छनौट भएका एक परामर्शदातासँग भएको सम्झौतामा दोश्रो चरणको कार्य ४ र ५ मा उल्लेख भए अनुसार स्पेशिफिकेशन तयार गर्नेदेखि ठेक्का सम्झौताको लागि वार्ता गर्ने सम्मका कार्य पूरा हुँदा २० प्रतिशत भुक्तानी दिने उल्लेख भए अनुसार सेवा प्रदायकले सो कार्य सम्पादन भएको जनाई रु.४ करोड ३७ लाख भुक्तानी माग गरेकोमा रु.२४ लाख कट्टा गरी रु.४ करोड १३ लाख भुक्तानी दिएको छ । परामर्शदाताले पेश गरेको प्रगति प्रतिवेदनमा यो वर्ष खरिद योजनामा उल्लिखित ३३ काम मध्ये २७ कामको लागत अनुमान तयारी, २१ बोलपत्र सूचना प्रकाशन, १५ बोलपत्र मूल्याङ्कन, १० वटा खरिद सम्झौता भएको र ४ वटा मात्र कार्य सम्पन्न भएको देखिन्छ । परामर्शदातावाट प्राप्त प्रगति स्थिति र आयोजनाको कार्यान्वयन स्थिति दोश्रो चरणको कार्यहरु प्रारम्भिक चरणमा रहेको देखिन्छ । विभागले आफ्नै कारणले काम बाँकी रहेको जवाफ दिएको छ । यसरी सम्झौताबमोजिमको शर्त पुरा नहुँदै परामर्शदातालाई रु.४ करोड १३ लाख भुक्तानी दिएको उचित देखिएन ।

३. **बढी भुक्तानी -** वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्दले १२ नगरपालिकामा सडक शौर्य ऊर्जा प्रणाली जडान गर्न सेवा प्रदायक कम्पनीहरुलाई सम्झौताअनुसार रु.२ करोड १९ लाख भुक्तानी दिनुपर्नेमा रु.२ करोड ६८ लाख भुक्तानी गरेकोले रु.४९ लाख बढी भुक्तानी दिएको छ। त्यसै गरी शौर्य सडक बत्ती जडानबापत १९ स्थानीय निकायलाई रु.३ करोड ७९ लाख भुक्तानी दिन सिफारिश भएकोमा रु.४ करोड १२ लाख भुक्तानी दिएकोले बढी रु.३३ लाखसमेत रु.८२ लाख वढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ।

४. **हर्जाना -** वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्दले नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७० मा विभिन्न कम्पनीमार्फत जडान गरिएका शौर्य विद्युत प्रणालीमध्ये कम्तीमा १० प्रतिशत जडान कार्यको नमुना छनौट गरी स्वतन्त्र परामर्शदातामार्फत अनुगमन गर्दा निर्देशिकाबमोजिम कार्य नगरेका कम्पनीलाई लगाएको हर्जाना रु.५ करोड ३१ लाख असुल गरेको छैन । कुल हर्जानामध्ये ५ कम्पनीसँगमात्र रु.३ करोड २ लाख (५२.९१ प्रतिशत) असुल गर्नुपर्ने देखिएको छ । अनुदान वितरणमा देखिएको कमजोरी हटाउन हालको १० प्रतिशत नमुना स्तर बढाई अनुगमनको दायरा समेत वृद्धि गर्नुपर्दछ ।

५. **बैङ्क जमानत -** नविकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७० मा सेवा प्रदायक कम्पनीहरुले जडान गरेको प्रमाणसहित अनुदान वापतको रकम मुल्याङ्कन गरी बैङ्क जमानतको आधारमा अनुदान रकमको ९० प्रतिशतसम्म भुक्तानी दिनसक्ने व्यवस्था छ । सोअनुसार सेवा प्रदायक कम्पनीहरुले पेश्की लिन पेश गरेको बैङ्क जमानतको अवस्था परीक्षण गर्दा १७ कम्पनीले पेश गरेको रु.४ करोड ६३ लाखको बैङ्क जमानतको अवधि समाप्त भएको देखियो । सो मध्ये ९ कम्पनीले राखेको धरौटी रु. ३ करोड ४ लाख समेत

बैङ्क जमानत लिई पेश्की दिएको देखिन्छ । जमानतको अवधि समाप्त भएकोले जोखिममा रहेको सो पेश्की रकम असुल गर्नुपर्दछ ।

अन्य सात कम्पनीको नाममा रहेको रु.९ करोड ८ लाख ३७ हजार बैङ्क जमानतको सम्बन्धमा कम्पनीले पेश्की माग गरेको निवेदन र अनुदानको लागि पेश गर्नुपर्ने अनुदान मागफाराम प्रस्तुत नभएको उल्लेख छ । पेश्की दिन आवश्यक कागजातबेगर जमानतमात्र लिई भुक्तानी दिनु उचित देखिएन ।

६. **अन्तर्राष्ट्रिय सन्धि, सम्झौता कार्यान्वयन** - नेपाल पक्ष भई हस्ताक्षर भएका अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि, इच्छाधीन आलेखहरु संसदबाट अनुमोदन भएपछि राजपत्रमा प्रकाशन भई लागू हुने व्यवस्था छ । यस्ता सन्धि सम्झौता लामो समयसम्म अनुमोदन नहुने, अनुमोदन भएका सन्धिको प्रावधानअनुरुप कार्यान्वयन नहुने, सन्धि प्रशासन गर्ने अन्तर्राष्ट्रिय निकायसँगको समन्वयको अभावमा प्राप्त हुनसक्ने प्राविधिक सहयोग उपयोग हुन नसक्ने तथा सन्धिको प्रावधान वमोजिम तयार गर्नुपर्ने आवधिक तथा निर्धारित प्रतिवेदन समयमै नवन्ने जस्ता अवस्था रहेको छ । यस मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित सन्धि सम्झौता एवं इच्छाधीन आलेखको कार्यान्वयन अवस्था सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छः

६.१ महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त अन्तर्राष्ट्रिय संघसंस्थाहरुको लागि मन्त्रालयबाट भुक्तानी भएको दायित्वको विवरणमा एक संस्थाको लागि २००५-२०१४ को लागि रु.२ लाख ३४ हजार, अर्को एक संस्थाको २०११-२०१४ को लागि रु.१ लाख ७५ हजारको भुक्तानी २०७२।९।२२ मा र एक संस्थाको लागि २०१५ को बाँकी दायित्व रु.१ लाख २९ हजार, २०७३।९।२५ मा भुक्तानी गरेको देखिन्छ । आफ्नो कार्यक्षेत्रमा पर्ने सन्धि सम्झौताको प्रावधानअनुसार नियमित रुपमा अन्तर्राष्ट्रिय संघ संस्थालाई दायित्व भुक्तानी गर्नुपर्ने देखिन्छ ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ऐन, २०४० अन्तर्गत स्थापित संस्था इसिमोड काठमाडौंलाई नेपाल सरकारको तर्फबाट वहन गर्नुपर्ने दायित्वका रुपमा सन् २०१४ का लागि रु.१ करोड १९ लाख महालेखा नियन्त्रक कार्यालयमार्फत भुक्तानी गरेको पाइयो । इसिमोडलाई भुक्तानी गर्ने रकम बजेटरी अनुदान वा अन्तर्राष्ट्रिय सन्धिको प्रावधानमा भुक्तानी गर्ने दायित्व यकिन गरी भुक्तानी गर्नुपर्ने देखियो ।

६.२ बहुपक्षीय वातावरणीय सम्झौताको प्रावधानमा भएको व्यवस्था तथा नेपाल जलवायु परिवर्तन सहायता कार्यक्रमको कार्यान्वयनका लागि ३० अप्रिल २०१२ मा आयोजना सञ्चालन समितिले न्यून कार्वन विकास रणनीति तर्जुमा गर्न रु.५ करोड ३४ लाखको लागत अनुमान तथा कार्यक्रम स्वीकृत गरी वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत कार्य सम्पन्न गर्ने निर्णय गरेको पाइयो । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट सो रणनीति मन्त्रालय मार्फत २०७१।३।२ मा मन्त्रिपरिषद्मा पेश भएकोमा पारित भएको छैन । न्यून कार्वन उत्सर्जनलाई प्रोत्साहन गरी स्वच्छ ऊर्जाको उपयोग वृद्धि गर्ने रणनीति कार्यान्वयनमा ल्याउनुपर्दछ ।

६.३ सन् १९९८मा हस्तक्षर भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि क्योटो प्रोटोकलअनुसार "नेपाल जलवायु परिवर्तन सहायता कार्यक्रम" सञ्चालन गर्न नेपाल सरकार र युरोपियन युनियन तथा डिफिडबीच १० जनवरी २०१० मा स्टर्लिङ्ग पाउण्ड १४.६ मिलियनको सम्झौता भएको थियो । उक्त कार्यक्रम २०१२ बाट शुरु भई २०१६ मा सम्पन्न भएको छ । सो कार्यक्रममा रु.१ अर्ब १५ करोड ८३ लाख (सम्झौता रकमको ४९.९३%) मात्र खर्च भएको छ ।

महासन्धिको प्रावधानअनुसार जलवायु परिवर्तनबाट परेको प्रभाव न्यूनीकरण गर्न र त्यसमा अनुकुलन हासिल गर्न प्राप्त भएको सहयोग रकम पूर्ण क्षमताका साथ खर्च हुन सकेको पाइएन । प्राप्त सहायताको उपयोगमा प्रभावकारीता ल्याउनुपर्ने देखियो ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति देहायअनुसार छ
  - मन्त्रालय र मातहतसमेत ७ निकायमा यो वर्ष रु.४० करोड ९१ लाख ४२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड २९ लाख ९४ हजार फछ्र्यौट गरेकोले रु.३९ करोड ६१ लाख ४८ हजार बाँकी रहेको छ । सोमध्ये रु.१८ लाख ५० हजार पेश्की बाँकी रहेको छ ।
  - समिति १ तर्फ यो वर्ष रु.१७ लाख २० हजार बेरुजू देखिएकोमा फछ्र्यौट नगरेकोले बाँकी रहेको छ । सो मध्ये रु.१५ लाख ९९ हजार पेश्की बाँकी रहेको छ ।